माण्डवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जस्पुर,प्युठान
लुम्बिनी प्रदेश,नेपाल

मोः ९८५७८३६००६
Website: www.mandavimun.gov.np
E-mail{ info@mandavimun.gov.np
mandavimun2073@gmail.com

मितिः २०७८/०७/०५

# विज्ञप्ती

उपरोक्त सम्बन्धमा संघियता कार्यान्वयनको जिवन्त संरचनाको रुपमा माण्डवी गाउँपालिकाले करिब ४ वर्षको स्वर्णिम कार्यकाल पुरा गर्दै अन्तिम वर्षलाई सफलताका साथ सम्पन्न गर्ने दिशातर्फ हामि अग्रसर छौ । आजको दिनसम्म स्थानीय राजनैतिक दल, बुद्धिजीवी, कर्मचारीहरु सँग सहकार्य र समन्वय गर्दै माण्डवी गाउँपालिकालाई विकास र सम्वृद्धिको दिशा तर्फ अगाडी बढाई रहेका छौ । गाउँपालिकालाई शुसासनयुक्त बनाउन पारदर्शी र जवाफदेही कार्यशैली अबलम्बन गर्दै खुला सरकारको रुपमा गाउँपालिकलाई विकासका कार्यहरु गरिरहेका छौ ।गाउँपालिकाले गरेका काम कारबाहीका विषयमा माग गरेका सम्पूर्ण सूचनाहरु गाउँपालिकाले उपलब्ध गाराउने, सार्वजनिक सुनुवाई मार्फत राजनैतिक दल तथा आम सर्वसाधारणको सार्वजनिक सरोकारका विषयमा जवाफदेहि तथा उत्तरदायि बनेकै छौ । गाउँपालिकाले विकास र शुसासन कायम गर्दै गरेको, जनताका आधारभूत आवश्यकता परिपूर्ति भईराखेका, जनमुखी उत्तरदायी र पारदर्शी सरकार भईराखेको, विकास निर्माणका सन्दर्भमा निरन्तर स्थानीय राजनैतिक दल, बुद्धिजीवी र सरोकारवालाहरु सँग समन्वय र सहकार्य गर्दै आइरहेका छौ । शिक्षा, स्वास्थ्य र रोजगारी हाम्रा प्राथमिकतामा छन ।शिक्षा क्षेत्रको विकास विना समग्र विकास एकांकी मात्र हुन्छ भन्ने विषयलाई बोध गर्दै शिक्षा क्षेत्रमा व्यापक लगानी गरेका छौ । गाउँ शिक्षा नियमावली, २०७४ बनाई शिक्षाका समग्र गतिविधिहरु कानुन सम्मत गरेका छौ ।शिक्षा जस्तो पवित्र क्षेत्रमा राजनीति गर्नु विवेक सुन्य हुनु हो । यसै सन्दर्भमा मिति २०७८/०७/०५ गते माण्डवी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जस्पुर, प्यूठानको शिक्षा शाखामा कर्मचारी कार्यरत भएकै अवस्थामा कर्मचारीहरुलाई अभद्र व्यवहार गर्दै, कम्प्युटर तथा ल्यापटप समेतका सामग्रीहरु बन्द गर्न वा निकाल्न नदिई विभिन्न राजनैतिक दलहरुले तालाबन्दी गरेको प्रति ध्यानाकर्षण भएको छ । आन्दोलन गर्ने विधि र प्रक्रिया पनि लोकतान्त्रिक हुन जरुरी छ । चरणवद्ध हुनु पर्दछ, चित्त नबुझेको विषयमा गाउँपालिकालाई जानकारी हुनु पर्ने, छलफल र संवादबाट निरुपण गर्नुपर्नेमा धरपकड शैलीमा तालाबन्दी गर्नु खेदजनक छ । विरोध गर्ने विषय केहि नभएर गाउँपालिकाले गरेको लोकप्रिय, जनमुखी कामबाट जनताहरु दिनप्रतिदिन स्थानीय सरकार प्रति सकारात्मक भईरहेको यस अवस्थामा अत्तालिएर अपवित्र राजनैतिक गठबन्धनको दम्भमा नजिकिदो निर्वाचनलाई लाक्षित गरि शिक्षा जस्तो पवित्र क्षेत्रमा आक्रमण गर्नु पक्कै पनि राजनैतिक पूर्वाग्रह सिवाय केहि देखिदैन यद्यपी आन्दोलनरत पक्षलाई सार्वजनिक रुपमा आव्हान यो छ की आउनुहोस माण्डवीको विकास र समृद्धको लागि सहकार्य र समन्वय गर्न हामी तयार छौ ।जुनसुकै विषयमा पनि आपसमा छलफल र संवाद मार्फत हातेमालो गर्दै अगाडी बढ्न गाउँपालिका तत्पर छ ।

............
श्रीधर रोका
अध्यक्ष

'उर्जा,कृषि,शिक्षा,पर्यटन,गाउँवासिको शान
समृद्धि र खुसि जनता माण्डवीको अभियान ।'